# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ६ भदौ २०७९
# सोमवार
# बैठक सङ्ख्या- ४७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १२:५९ बजे प्रारम्भ भयो ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाका सदस्य माननीय प्रदिप गिरीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु । "विक्रम संवत् २००६ सालमा सिराहा जिल्लाको बस्तिपुरमा जन्मिनुभएका प्रतिनिधि सभा सदस्य प्रदिप गिरीको ललितपुर स्थित नेपाल मेडिसिटी अस्पतालमा उपचारको क्रममा मिति २०७९ साल भदौ ४ गते शनिवारको दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।" स्वर्गीय गिरी नेपाली काँग्रेस पार्टीबाट २०५१ सालको प्रतिनिधि सभा निर्वाचनमा सिराहाबाट जिल्ला निर्वाचन क्षेत्र नम्बर ५ बाट निर्वाचित सदस्य, विक्रम संवत् २०६२/६३ को जनआन्दोलनपछि पुनर्स्थापित प्रतिनिधि सभा सदस्य, विक्रम संवत् २०६४ र विक्रम संवत् २०७० सालमा संविधान सभा सदस्य र विक्रम संवत् २०७४ सालको प्रतिनिधि सभा सिराहा जिल्ला क्षेत्र नम्बर १ बाट निर्वाचित सदस्य हुनुहुन्थ्यो ।

यो बैठक स्वर्गीय प्रदिप गिरीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समबेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब स्वर्गीय प्रदिप गिरीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौनधारण गरौं ।

(मौनधारण) धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल भदौ १२ गते आइतवार अपराह्न १ बजेर १ मिनेट जाँदा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल भदौ १२ गते आइतवार अपराह्न १ बजेर १ मिनेट जाँदा बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १३:०३ बजे ।**